# बर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अमाहिबेल्हा, सुनसरी
१ नं. प्रदेश, नेपाल

प.सं. ०७९/८०
च.नं.
मितिः२०७९/०८/१३

विषयः आन्तरिक लेखापरीक्षणको प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वर्जु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
अमाहिबेल्हा, सुनसरी ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०७८/०७९ को आम्दानी, खर्च र धरौटिको आर्थिक विवरण तथा सोसंग सम्बन्धीत पेश भएसम्मका स्रेस्ताको लेखापरिक्षण सम्पन्न गरी तयार गरिएको पाना १७ को प्रतिवेदन संलग्न छ ।प्रतिवेदनमा उल्लेखित व्यहोराको सम्वन्धमा प्रचलित कानुन बमोजिम ३५ दिन भित्र असुल फर्छयौट भएको प्रमाण वा बेरुजु कायम गर्नुनपर्ने कुनैपनी कारण भए प्रमाण सहितको जवाफ पठाउनुहुन अनुरोध गर्दछु ।

२०७९।८।१३
(प्रदिप ढकाल)
आन्तरिक लेखापरीक्षक

**बोधार्थ तथा कार्यार्थः**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं :- प्रतिवेदन संलग्न छ ।
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
इनरुवा, सुनसरी :- प्रतिवेदन संलग्न छ ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय/इकाई,
............. :- प्रतिवेदन संलग्न छ ।



CamScanner

# आर्थिक कारोबार

| आ.व. २०७८/०७९ | नाम | कार्यरत अवधी | | क.स.नं. |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | उमेश घिमिरे | २०७८/०४/१ | २०७८/०९/२३ | १५१६२१ |
| | प्रमोद कुमार चौधरी | २०७८/०९/२४ | २०७९/०३/३१ | १८६७९९ |
| लेखा प्रमुख | विशेस गौतम | २०७८/०४/०१ | २०७९/०३/३१ | २०३०४० |

CamScanner

| सि | आय शिर्षक | रकम | जम्मा रकम | सि न | व्यय शिर्षक | रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| | | एकिकृत आर्थिक विवरण | | | | | |
| | | बर्जु गाउकार्यपालिकाको कार्यालय | | | | | |
| | | अमाहिबेल्हा सुनसरी | | | | | |
| १ | गत बर्षको जिम्मेबारी | | ८३६५०३०९.३२ | १ | संचितकोष खर्च | | |
| | क) बैंक | | | | चालु खर्च | | ३००४९१९९९.८ |
| | संचित कोष खाता | ७८५५३८९४.७ | | | गाउपालिका | १४०६४५७७०.७ | |
| | धरौटी खाता | ४७५२९५०.४९ | | | सघिय सरकारबाट हस्तान्तरीत | १५७९५२५६५.९ | |
| | कर्मचारी कल्याण कोष खाता | ३०७९९६ | | | | | |
| | प्रकोप व्यवस्थापन कोष | ३५४६८.१३ | | | प्रदेश सरकारबाट हस्तान्तरीत | १८९३६६३.२ | |
| २ | आन्तरीक आय | | | | | | |
| ३ | संघिय सरकारबाट हस्तान्तरीत | | ३२६१५५००० | | पुँजिगत खर्च | | ११२८३६९७४.३ |
| | समानिकरण अनुदान | ११६९००००० | | | गाउपालिका | ८४७०६९६३.३४ | |
| | शर्शत अनुदान | २०९२५५००० | | | | | |
| | विशेष अनुदान | | | | सघिय सरकारबाट हस्तान्तरीत | १४२९६७०९.९१ | |
| | समपुरक अनुदान | | | | | | |
| ४ | प्रदेश सरकारबाट हस्तान्तरीत | | २४४६७००० | | प्रदेश सरकारबाट हस्तान्तरीत | १३८३३३०१ | |
| | | | | | जम्मा फिर्ता | | ३७२४९६६६.६४ |
| | | | | | सघिय सरकारबाट हस्तान्तरीत फिर्ता | ३५८८६९१९.६४ | |
| | | | | | प्रदेश सरकारबाट हस्तान्तरीत फिर्ता | १३६२७४७ | |
| | समानिकरण अनुदान | ६७६३००० | | | कोष खाता तर्फ | | ६८३२९९४ |
| | शर्शत अनुदान | ७७०४००० | | | विविध कोष खाता | ५३८५६० | |
| | | | | | धरौटि खर्च | ३३०८२५४ | |
| | विशेष अनुदान | | | | प्रकोप व्यवस्थापन कोष | २९८६१८० | |
| | समपुरक अनुदान | १०००००००  | | | बैंक मौज्दात | | ८९०१४६५१.४३ |
| ५ | राजश्व बाँडफाड | | ८९१२२०१०.९६ | | संचितकोष | ७९२०८३७९.३३ | |
| | संघिय सरकार | ७३६९८४५९.४९ | | | धरौटि बाँकि | ८४०६८५८.२३ | |
| | राजश्व बाँडफाड स्थानीय | १२३६५०२५ | | | बाडफाडबाटप्राप्त राजश्व खाता | १२४६६२.७७ | |
| | | | | | आन्तरिक राजश्व खाता | | |
| | प्रदेश सरकार | ३०५८५२६.४७ | | | कर्मचारी कल्याणकोष | ३०७९९६ | |
| ६ | कोष सोझै आम्दानि | | २००६९५१६.६३ | | प्रकोप व्यवस्थापन कोष | १३८२० | |
| | प्रकोप व्यवस्थापन कोष | ३०००००० | | | विविध कोष खाता | ९५२९३५.१ | |
| ८ | आन्तरीक राजश्व खात | ११९२८३०७.९७ | | | | | |
| ९ | विविध कोष खाता | ११४१४९५.१ | | | | | |
| १० | धरौटी आम्दानि | ३९९९७१३.५६ | | | जम्मा | | ५४६४२६२८६.१ |
| | धरौटी आम्दानि छुट | २९६२४४९.२३ | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | ५४६४२६२८६.१४ | | | | |
| | | | | | | | |

# आन्तरिक लेखापरिक्षण प्रतिवेदन

कार्यालयको नाम : बर्जु गाउँपालिकाको कार्यालय — आ.व. २०७८।०७९

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस वर्जु पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य,६९.४३ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क बमोजिम ३६ हजार ५ सय ३३ जनसंख्या रहेको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| 1. | **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले २०७६/०२/१९ मा महालेखापरिक्षक बाट स्विकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| 2. | **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

3. **सञ्चित कोषको अवस्था:-**

यस पालिकाको यो वर्षको सञ्चित कोषको अवस्था देहाय बमोजिम रहेको छ ।

| | यस वर्ष | गत वर्ष |
|---|---|---|
| १ | २ | ३ |
| प्राप्ती | ५२,९३,४९,७५९.३५ | ४६,७३,१३,५३९.५५ |
| भुक्तानी | ४१,३३,२८,९७४.०८ | ३५,५८,२२,१९५.५६ |
| यो वर्षको वचत न्युन | ११,६०,२०,७८५.२७ | ११,१४,९१,३४३.९९ |
| गत वर्ष बाट जिम्मेवारी सरेको | | ३०,००,०००/- |
| यो वर्षान्त सम्मको वचत न्युन | ११,६०,२०,७८५.२७ | ११,४४,९१,३४३.९९ |

4. **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४ ऐन, ४ नियमावली, २३ कार्यविधि ३ निर्देशिका समेत ३३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

| | | |
|---|---|---|
| | • निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>•<br>• पालिकाले २०७८।०७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिन्छ ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| 5. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० | |

गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री संगिता कुमारी राय ले २०७८।०३।१० गते रु ४८ करोड ७ लाख ४३ हजार २ सय ४२ रुपैयाको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०३। मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

6. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउंदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि. नं | बजेट उपशिर्षक | कुल खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| १. | पूँजिगत तर्फ | १६,८४,६३,००० | २,३३,०५,२५२ | ३,९४,०६,७१९ | ५,०१,२८,००२ | ३,१६,५३,४३२ |
| | कूल खर्च: | १३,६८,०९,५६८ | | | | |
| | खर्च प्रतिशत | ८१.२१% | १३.८३% | २३.४०% | २९.७५% | १८.७९% |

7. **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३,२२,८०,००० | २,४०,९४,४००.२० | ४.५७% |
| सामाजिक विकास क्षेत्र | २२,२३,९२,६१२.९८ | १८,४२,००,६८४.६६ | ३४.९८% |
| पूर्वाधार विकास क्षेत्र | १३,९६,००,००० | ८,९६,३७,९२५.२७ | १७.०२% |
| सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | १,८१,८५,९९९ | १,५०,५३,६५३ | २.८५% |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ११,६७,७५,०३९.०२ | १०,०३,४२,३१०.९५ | १९.०५% |
| जम्मा | **५२,६५,३३,६५१** | **४१,३३,२८,९७४.०८** | **७८.५%** |

उल्लिखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट् मध्य सवैभन्दा बढी सामाजिक विकास क्षेत्रमा ३४.९८% र सवैभन्दा कम सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र मा २.८५% रहेको छ । पालिकाले एकिकृत, समानुपातिक वजेट विनियोजन गर्नुपर्दछ ।

8. **योजना र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउंदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउंदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची

समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।उपभोक्ता समिति मार्फत भएका योजनाहरु अनुसुचीमा उल्लेख भए वमोजिम जानकारी माग गरेकोमा प्राप्त भएन ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | | |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | | |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | | |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | | |
| ५ | ५० लाख भन्दा माथीका | | |
| | जम्मा | | |

८ **सेवा प्रवाह विवरण**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउने तथा सोको अधिनमा रही आवस्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यन्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिका बाट निम्नानुसार स्वा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स. | विवरण | जम्मा |
|---|---|---|
| १. | स्विकृत घर नक्सा दर्ता | २९ |
| २. | स्विकृत घर नक्सा पास | २८ |
| | पञ्जिकरण तर्फ | |
| ३ | जन्म दर्ता | १२९४ |
| ४ | मृत्यु दर्ता | ३१२ |
| ५ | बसाईसराई दर्ता (सरी आएको ) | ६९५ |
| ६ | बसाई सरी गएको | ४०८ |
| ७ | विवहा दर्ता | ७०८ |
| ८ | सम्बन्ध विच्छेद | ७ |

- **संगठन तथा कर्मचारी ब्यवस्थापन**

9. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा नियुक्ति गरी बर्षभरीमा रु. १ करोड १४ लाख ९६ हजार ६ सय २५ खर्च लेखेको छ ।

| | | |
|---|---|---|
| 10. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १८५ र यो बर्ष थप भएको ८३ गरी कुल २६८ विवाद/मुद्दा दर्ता भएकोमा १७ वटा मात्र फछ्यौट भई २६६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| 11. | **तलवी प्रतिवेदन:-**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले गाउपालिका स्थाई र स्वास्थ्यका स्थाई कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा क्रमश. रु १,७२,७७,३८२.५३ र १,४८,१३,९३०.८० गरि जम्म रु ३,२०,९१,३१३.३ खर्च लेखेको पाईयो ।तलवी प्रतिवेदन सम्वन्धित निकाय बाट पास गराएर तवल भत्ता भुक्तानी गर्नुपर्ने देखिन्छ । | |
| 12. | **पदाधिकारी सुविधा:-**<br>१.नं. प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)जारी गरेको छ ।यस गाउँपालिकाले गाउँ सभाका ३४ सदस्य रहेकोमा पदाधिकारीहरुको सुविधाको लागि रु. ६४,११,३०४.०१ खर्च लेखेको छ ।गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५(पहिलो संशोधन समेत) मा व्यावस्था भए अनुरुप गाउँपालिकाको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरि सुविधा सम्वन्धी निर्णय लिनु पर्दछ । | |
| 13. | **पदाधिकारी थप सुविधा** - १. नं. प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) सम्वन्धी व्यवस्था वमोजिम सिमा र विधि अनुसार भुक्तानी गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले अध्यक्ष र उपाध्यक्षलाई मासिक रु १० हजार, वडा अध्यक्ष लाई ४ हजार, कार्यपालिका सदस्य लाई २५००/- र वडा सदस्य हरुलाई २०००/- का दरले यातायात खर्च उपलव्ध गराएको छ । गाउँपालिका र वडाका लागि विनियोजित वजेटबाट ईन्धन खर्च भइरहेको साथै सरकारी सवारी साधन प्रयोग गरिरहेको अवस्थामा अध्यक्ष र सवै वडा अध्यक्षलाई यातायात खर्च वापत २३८०००/- भुक्तानी गरेको देखिएकोले लपशिल अनुसारका पादाधिकारीहरुबाट रु २३८०००/- असुल गरि सम्वन्धित खातामा दाखिला गर्नुपर्ने रु...... | २३८०००/- |

| सि.नं. | पदाधिकारीको नाम | पद | भुक्तानी रकम |
|---|---|---|---|
| १. | रघुनन्दन चौधरी | गाउँपालिका अध्यक्ष | ७००००/- |
| २. | श्याम गुरुङ | वडा अध्यक्ष | २८०००/- |
| ३. | आनन्द यादव | वडा अध्यक्ष | २८०००/- |
| ४. | प्रदिप कुमार चौधरी | वडा अध्यक्ष | २८०००/- |
| ५. | सम्पतलाल चौधरी | वडा अध्यक्ष | २८०००/- |
| ६. | किशोर चौधरी | वडा अध्यक्ष | २८०००/- |
| ७. | विनोध कुमार चौधरी | वडा अध्यक्ष | २८०००/- |

| | | |
|---|---|---|
| 14. | **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.५०,००,०००/- विनियोजन गरेकोमा रु ४९,५९,७३३.५ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।मितव्ययिता कायम गर्नुपर्ने रु. | ४९,५९,७३३.५ |
| 15. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले अन्य समाजिक सहायता, धार्मिक तथा साँस्कृतिक सहायता , उपचार सहायता , सामाजिक सहायता तथा चाडपर्व खर्च प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.२८,००,०००/- खर्च भएको छ । गाउँपालिकाको आन्तरिक आय न्युन रहेको अवस्थामा कानुनको पालना वेगरै आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्ने कार्य पाइयो । यस्तो वितरण गर्ने कार्य वन्द गर्नु पर्दछ । | २८,००,०००/- |
| | • **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| 16. | **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु................ | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | समानिकरण अनुदान | ११६९०००००/- | | |
| | शसर्त अनुदान चालु | १९४१५५०००/- | | ३६१४२४३४.०८ |
| | शसर्त अनुदान पुजिगत | १५१०००००/- | | ८६३२९०.०९ |
| प्रदेश सरकार | समानिकरण अनुदान | ६७६३०००/- | | |
| | शसर्त अनुदान चालु | १२१०४०००/- | | ४७३६०२.८० |
| | शसर्त अनुदान पुजिगत | ५६०००००/- | | १५०३४३३ |
| | | | | |
| | जम्मा | ३५०६२२०००/- | | ३८९८२७५९.९७ |

| | | |
|---|---|---|
| 17. | | |
| | **अमानत कार्यः-**<br>**अमानत बाट कार्य**<br>सार्वजानिक निकायले अमानत बाट काम गर्न एक तह माथिको अधिकारीको पुर्व स्विकृति लिनुपर्ने मा र अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाखमा नबढाई खण्ड खण्ड गरी वा सम्वन्धीत काम आवस्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९८ मा उल्लेख छ ।सार्वजानिक खरिद नियमावलीको उपरोक्त व्यवस्था उल्लेख गरि पालिका तथा वडाका कर्मचारी तथा निर्वाचित वडा अध्यक्ष तथा सदस्य मार्फत पालिकाले पटक पटक अमानत मार्फत निर्माण कार्य गरेको देखाई कर्मचारी तथा निर्वाचित पदाधिकारीको नाममा अमानत बाट भएको निर्माण कार्यको तपशिल बमोजिम रु ११,४८,०५९.१२ खर्च लेखेको छ ।तत्कालिन परिस्थिति र आकस्मिक रुपमा नगरी नहुने परिश्थिति सृजना भएमा मात्र माथिका अधिकारको पूर्व स्विकृतिलाई अमानत बाट काम गर्न | ११४८०५९.१२ |



CamScanner

सकिने उपरोक्त नियमावलिको व्यवस्था भएता पनि पटक पटक कर्मचारी तथा पदाधिकारी मार्फत अमानतबाट कार्य गरेको देखाई खर्च लेखु औचित्यको दृष्टिले कानुन सम्मत देखिएन ।

| क.सं | गो.भौ.नं./मिति | अमानत बाट गरेको निर्माण कार्यको विवरण | भुक्तानी लिने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २४/२०७८/६/२५ | लिपट सवाडिको कुल सडक देखि उत्तर धमनाहा खोला सम्म जाने बाटो मर्मत | वडा सदस्य सुगन चौधरी | ९८५५० |
| २. | २९/२०७८/७/५ | सितागंज स्वास्थ्य चौकी देखि दक्षिण वर्जु गा.पा वडा नं. ३ को सिमाना सम्म बाटो मर्मत | रामचन्द्र पेश्कार | ९५९०८ |
| ३. | ३३/२०७८/७/११ | रामकुमार चौधरीको घर देखि इस्लाम पुर जाकिर मियाको घर सम्मको बाटो मर्ममत | मन्सारिया कुमारी थरुनी | ९८५३१ |
| ४. | ५५/२०७८/९/८ | वडा नं.२ को मुल सडक देखि अमदुवा जाने ग्रावेल सडक मर्मत | आनन्द यादव | १२५४२.५० |
| ५ | ७४/२०७८/१०/४ | नेपाल राष्ट्रिय माध्यामिक विद्यालय तथा कम्पाउण्ड वाल भित्र माटो पुर्ने | मनोज कुमार गुरुङ | ९७२९६.५७ |
| ६. | ७५/२०७८/१०/०४ | जय नगर रोडको मस्जित जाने बाटो मर्मत | महमत रजाक मिया | ९९९४०.०६ |
| ७. | ७९/२०७८/१०/१६ | शिव नारायण कामतको घर देखि बालेश्वरको घर सम्मको बाटो मर्मत | राम चन्द्र पेश्कार | ९५५७२ |
| ८. | १०४/२०७८/११/२२ | शिव कालिका मन्दिर घेरावारा निर्माण | सम्पतलाल चौधरी | ६९९०४.९९ |
| ९. | १०५/२०७८/११/२३ | स्वास्थ्य चौकि वडा नं. १ मा पार्किङ स्थल निर्माण | मञ्जु दहाल | ९७०५७ |
| १०. | १११/२०७८/१२/६ | जम्दार थान मन्दिर निर्माण | मनोज कुमार गुरुङ | ९८०७९ |
| ११. | १५३/२०७९/१/९ | साविक चिम्डि ६ मा अवस्थित खेल मैदान मर्मत र माटो सम्याउने काम | कैलाशराज केसी | ६८७३३ |
| १२. | १६१/२०७९/०१/२१ | ६ नं. वडा कार्यालय परिसर भित्र माटो पुरी ग्राभेल गर्ने कार्य | कैलाशराज केसी | ९५१११ |
| १३. | १६९/२०७९/०२/१९ | वडा कार्यालय जाने बाटोमा माटो पुर्ने काम | कैलाशराज केसी | ७०८४४ |
| १४. | २०९/२०७९/३/२४ | कोस्का महारानी थानको घर निर्माण | पवन कुमार मेहता | ४९९९० |
| जम्मा रु |  |  | ११,४८,०५९.१२ |  |

- कर दस्तुर एवं आन्तरिक आय

18. कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर |  | १२०१०५१.४७ | १३.८४ |



CamScanner

| | | | |
|---|---|---|---|
| भुमिकर/ मालपोत | | १२२६२४२.७८ | १४.१३ |
| घरवाहाल कर | | ५३१५७०.०१ | ६.१२ |
| वहाल विटौरी कर | | १०९४९२ | १.२६ |
| व्यावसाय रजिष्ट्रेसन दस्तुर | | ७७४२०० | ८.९२ |
| अन्य सेवा शुल्क | | १०६१२० | १.२२ |
| न्यायिक दस्तुर | | २५४०० | ०.२९ |
| अन्य प्रशासनिक सेवा शुल्क | | ८४०९० | ०.९७ |
| नक्सा पास दस्तुर | | २९८६५७ | ३.४४ |
| सिफारिस दस्तुर | | १६८१६७५ | १९.३८ |
| नाता प्रमाणित दस्तुर | | १०१४०० | १.१७ |
| अन्य दस्तुर | | २४४६७७६ | २८.१९ |
| प्रशासनिक दण्ड जरिवाना र जफत | | ९२१०० | १.०६ |
| अन्य राजश्व | | ५०० | ०.०१ |
| जम्मा | | ८६७९२७४.२६ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

**असुल उपर गर्ने/ प्रमाण पेश गर्नुपर्ने**

**गाउँपालिका चालु तर्फ (निशर्त चालु)**

१०/२०७८/४/२७ मा कार्यपालिकाको मिति २०७८/०४/१५ गतेको निर्णयानुसार कार्यलयमा खटिएका कर्मचारीहरुलाई अतिरिक्त भत्ता उपलब्ध गराउने भनी निर्णय भए अनुसार कुन कर्मचारीले कति समय अतिरिक्त कार्य गरेको र कुत तहका कर्मचारी लाई कती भत्ता दिने भन्ने निर्णय तथा आधार प्रमाण वेगरै तपशिलका कर्मचारिहरुले उक्त भत्ता वापतको रकम बुझिलिएको देखिएकोले आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु .... ३०४५२४/-

| क.स. | कर्मचारीको नाम, थर | पद/तह | भुक्तानी रकम |
|---|---|---|---|
| १ | सृजना क्षेत्री | अधिकृत छैठौं | ३०६९०/- |
| २. | अर्जुन नेपाल | अधिकृत छैठौं | ३०६९०/- |
| ३. | अजय कुमार मेहता | ईन्जिनियर | ३०६९०/- |
| ४. | दिपेन्द्र कुमार शर्मा | सुचना प्रविधि अधिकृत | ३०६९०/- |
| ५. | मनोज कुमार यादव | सव-ईन्जिनियर | ३०६९०/- |
| ६. | रेनेशा अधिकारी | पाँचौ | ३०६९०/- |
| ७. | राधेश्यम मण्डल | कम्प्युटर अपरेटर | ३०६९०/- |
| ८. | सन्तोष कुमार वन्जरा | पाँचौ | २८७१०/- |
| ९. | सदिक्षा खतिवडा | चौथो | ३०६९०/- |
| १०. | ध्यानी चौधरी | वगैचा | १६३३५/- |
| ११. | फिरोज अन्सारी | माली | १३९५९/- |

१३/२०७८/४/२७ मा त्रिलोक नाथ शिव मन्दिर पुजा समितिलाई आर्थिक सहायताको रकम भुक्तानी दिदा रु ११५०० दिनु पर्नेमा रु १४७७५ भुक्तानी भएको देखिएकाले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ... ३२७५/-

| | | |
|---|---|---|
| | १. नं. प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) सम्बन्धी व्यवस्था बमोजिम सिमा र विधि अनुसार भुक्तानी गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले अध्यक्ष मासिक रु ३ हजार सन्चार खर्च भुक्तानी गरेकोमा २६/२०७८/०५/०७ बाट गाउँपालिका अध्यक्ष रघुनन्दन चौधरीलाई सञ्चार खर्च मार्फत रु ६०००/- भुक्तानी भएको देखिन्छ ।तसर्थ दोहोरो भुक्तानी भएको रकम रु ६०००/- असुल गरि दाखिला गर्नुपर्ने रु ...... | ६०००/- |
| | १२६/२०७८/६/१४ मा जनसताब्दि पत्रिका लाई अर्चको प्रमाण/ सम्झौता/ विल भरपाई वेगरै रु २०००००/- भुक्तानी भएको देखिएकोले उक्त खर्च लाई पुष्टयाइ गर्ने कागजात पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु ..... | २०००००/- |
| | १३५/२०७८/६/१४ भ्रमण खर्च शिर्षक बाट रु २६३०००/- खर्च भएको मा कुनै पनि पदाधिकारी तथा कर्मचारीले भ्रमण गरेको प्रमाण नभएको र उक्त खर्चलाई पुष्टयाइ गर्ने कुनै कागजाता पेश नभएको साथै एन.आइ.सी. बैंक को नाममा २०३०००/- र सानिमा बैंक मा रु ६००००/- को नाममा भुक्तानी भएकोले भ्रमण खर्च पाउने कर्मचारी तथा पदाधिकारी यकिन गर्ने नसकिएको ले उक्त प्रमाण पेश गर्नुपर्ने रु ...... | २६३०००/- |
| | १६०/२०७८/६/१६ शैक्षिक संस्थालाई सहायता शिर्षक बाट रु २२५०००/- भुक्तानी भएको तर कुन शैक्षिक संस्थालाई कति सहायता भन्ने कुनै पुट्याइका कागजात नभएको ले कुन शैक्षिक संस्थालाई कति सहायता भन्ने यकिन गर्न नसकिएकोले उक्त प्रमाण पशे गर्नुपर्ने रु ...... | २२५०००/- |
| | १७९/२०७८/६/१९ वडा कार्यलयको मसलन्द खर्च तथा दै.भ्र.भत्ताको रकम वडा नं. २ का वडा सचिव रामचन्द्र पेश्कारलाई भुक्तानी दिदा विलभरपाइ अनुसार रु ७२५००/- भुक्तानी दिनुपर्नेमा रु ७५०४९/- भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकम असुल गरी सम्वन्धित खातामा दाखिला गर्नुपर्ने रु ..... | २५५०/- |
| | २०६/२०७८/०६/२२ श्री प्रधा स्टेस्नरी सप्लायर्स एण्ड ट्रेड लाई मसलन्द तथा कार्यलय समाग्री शिर्षको रकम भुक्तानी भएको र उक्त भुक्तानीलाई पुष्टयाइ गर्ने कागजात नभएको देखिएको ले कागजात पेश गर्ने अन्यथा असुल गर्ने रु... | ४९९६५१/- |
| | २०५/२०७८/०६/२२ पोलबत्ती जडान तथा समाग्री खरिदको रकम सम्राज्ञी इम्पेक्स लाई रु ८४९९९/- भुक्तानी भएको र उक्त भुक्तानीलाइ पुष्टयाक्ष गर्ने कुनैपनी कागजात सम्लग्न नरहेको देखिएकोले कागजात पेश गर्ने अन्यथा असुल गर्ने रु .... | ८४९९९/- |
| | २३२/२०७८/६/२४ वडा नं. १ का वडा सचिव मिलन खतिवडा लाई वडा सञ्चालनको रकम भुक्तानी दिदा विल भरपाइको आधारमा रु ४१६००/- भुक्तानी दिनुपर्नेमा रु ५१६०० भुक्तानी भएकोले वढि निकासा भएको रकम असुल गरी वैक दाखिला गर्ने रु .... | १००००/- |
| | २३८/२०७८/६/२४ मसलन्द तथा कार्यलय समाग्री शिर्षक बाट फेन्ज्स एडभरटाइजिङ लाइ रु १८८३६७ र युवा सप्लायर्स लाइ रु ९७५६२ गरि जम्मा रु २८९७७७ भुक्तानी भएको र उक्त खर्चलाई प्रमाणित गर्ने कागजातहरु नभएकोले प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु.... | २८९७७७/- |
| | ३५३/२०७८/८/१ कृषी पेशाको सम्मान कृषकलाइ अनुदानै अनुदान कार्यक्रमको उन्नत जातको विउ विजन वितरण शिर्षकबाट रु ४९९८००/- वरावरको मुला, टमाटर, रायो, काउली जस्ता विउविजन हरु भुमि सिड्स कम्पनी प्राली बाट खरिद भएको तर उक्त विउविजनको दाखिला तथा कृषकलाइ वितरण गरेको भरपाइ प्रमाण नदेखिएकाले उक्त प्रमाण पेश गर्नुपर्ने रु.... | ४९९८००/- |

| | | |
|---|---|---|
| | ३८२/२०७८/८/९ मा खर्चलाई पुष्टयाइ गर्ने कागजात तथा प्रमाण विना घनश्याम राय अमात लाई रु १६९० भुक्तानी दिएको देखिन्छ । उक्त खर्चको प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु..... | १६९०/- |
| | ४२६/२०७८/८/२० वडा नं. ३ को वडा स्तरिय विपद व्यावस्थापन समितिको मिति २०७८ कार्तिक २८ गतेको निर्णयानुसार बाढि पिडित लाई राहत वितरण गर्ने भनिएतापनी राहत वितरणको कुनैपनी भरपाइ देखिदैन साथै उक्त रहात वितरण वितरण भएको भनी वडा स्वयम प्रदिप कुमार चौधरीले रु.६०००००/- भुक्तानी लिएको देखिन्छ । तसर्थ उक्त राहत कति जना पडितलाइ के कतिका दरले वितरण गरिएको हो भन्ने यथेष्ट प्रमाण/भरपाई नभएको ले प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु ...... | ६०००००/- |
| | ४२७/२०७८/८/२० वडा नं. ४ को वडा समितिको मिति २०७८/७/२३ गतेको बाढि पिडितलाई रु २८१०००/- बरावरको राहत सामाग्री वितरण गर्ने निर्णय भएको मा बाढि पिडितलाई राहत वितरणको कुनैपनी भरपाइ देखिदैन साथै उक्त रहात वितरण भएको भनी वडा स्वयम सम्पतलाल चौधरीले रु.२८१०००/- भुक्तानी लिएको देखिन्छ । तसर्थ उक्त राहत कति जना पडितलाइ के कतिका दरले वितरण गरिएको हो भन्ने यथेष्ट प्रमाण/भरपाई नभएको ले प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु ...... | २८१०००/- |
| | ४२८/२०७८/८/२० वडा नं. ५ मा बाढि पिडित लाई राहत वितरण गरिएको भनी वडा अध्यक्ष स्वयम किशोर कुमार चौधरीले रु १५६०१५/- भुक्तानी लिएको देखिन्छ । बाढिपिडितले उक्त राहत के कती पाए वा वितरण गरायो भन्ने यथेष्ट प्रमाण/भरपाई नभएको ले प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु ...... | १५६०१५/- |
| | ४३२/२०७८/८/२० वडा नं. २ का वडा सचिव रामचन्द्र पेश्कारले बाढि बाट प्रभावित घर परिवारलाई राहत वितरण गरेको रकम रु २१७००० बरावरको राहत सामाग्री वितरणको प्रमाण/भरपाई देखिदैन । केकी बाढि पिडितले के कती रहात सामाग्री वुझिलिए भन्ने प्रमाण नभएको ले उक्त प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु....... | २१७०००/- |
| | ४३८/२०७८/८/२० वडा नं. १ का वडा अध्यक्ष श्याम कुमार गुरुङले बाढि पिडितलाई राहत सामाग्रि वितरण गरेको रकम रु १७५०००/- बरावरको राहत सामाग्री वितरणको प्रमाण/भरपाई देखिदैन । के कती बाढि पिडितले के कती रहात सामाग्री वुझिलिए भन्ने प्रमाण नभएको ले उक्त प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु....... | १७५०००/- |
| | सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजानिक निकायले स्विकृत कार्यक्रम र योजना अनुसार बीस लाख रुपैया सम्म लागत अनुमान भएका मालसमान शिलवन्धी वोलपत्र आह्वान गरी खिदर गर्न सक्ने व्यावस्था रहेको मा यस गाउँपालिकाले ४३९/२०७८/८/२६ मा शिलबन्धी दरभाउपत्र मार्फत रु २१०००००/- बराबरको उन्नत जातको गहुँको विउ खरिद गरेको देखिन्छ ।२० लखा भन्दा माथिको खरिद वोलपत्र मार्फत खरिद गर्नुपर्ने मा शिलबन्धी दरभाउपत्र मार्फत खरिद भएको ले नियमसंवत देखिदैन । तसर्थ नियमित गर्नुपर्ने रु........ | २१०००००/- |
| | ४४५/२०७८/८/२६ वडा नं. ६ का वडा अध्यक्ष विनोद कुमार चौधरीले रु २४५००० वरावरको राहत सामाग्री वितरण गरेको मा रु १५६८४०/- बराबरको राहत सामाग्री वितरण भएको प्रमाण/पिडितले सामाग्री वुझिलिएको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्ने रु... | १५६८४०/- |
| | १. नं. प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) सम्वन्धी व्यवस्था वमोजिम | २०४००/- |

सिमा र विधि अनुसार भुक्तानी गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले अध्यक्ष र उपाध्यक्षले मासिक रु १०००० हजार र वडा अध्यक्षले ४००० का दरले अनुगमन भत्ता भुक्तानी लिएकोमा ५५६/ २०७८/९/२२ बाट योजना तथा आयोजना अनुगमन वापत अनुगमन भत्ता तपशिल अनुसार को रु २०४००/- भुक्तानी भएको देखिन्छ । तसर्थ दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु ......

| क्र.सं. | पदाधिकारीको नाम,थर | पद | बुझिलिएको रकम |
|---|---|---|---|
| १. | रघुनन्दन चौधरी | गा.पा. अध्यक्ष | ५१००/- |
| २. | संगिता कुमारी राय | गा.पा. उपाध्यक्ष | ५१००/- |
| ३. | सम्पतलाल चौधरी | वडा अध्यक्ष | ५१००/- |
| ४. | रम्भा देवी चौधरी | का.पा. सदस्य | ५१००/- |

१२४९/२०७९/३/२४ गाउँपालिका एकिकृत सफ्टवेर प्रणाली खरिदको लागि भोलकस सफ्ट प्राली मध्यपुर ठिमी भक्तपुर संग सम्झौता बमोजिम सम्झौताका शर्तानुसार उक्त फम/कम्पनीले सफ्ट्वेर चलाउन तालिम प्रधान गर्ने भनिएकोमा तालिम दिएको देखिदैन तसर्थ अर्थिक प्रास्तावमा पेश भए अनुसार तालिम बापतको रकम असुल गर्नुपर्ने रु......

४८५९०/-

१२४९/२०७९/३/२४ मा गाउँपालिका एकिकृत सफ्टवेर प्रणाली खरिदको रकम भोलकस सफ्ट प्राली मध्यपुर ठिमी भक्तपुर लाई रु.९९७७९० /भुक्तानी दिदा फोटोकपी विल मार्फत भुक्तानी भएको देखिएको ले सकल विल पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

९९७७९०/-

१२७९/२०७९/३/२४ मा नवयुग मिडियालाई सुचना प्रकाशनको रकम भुतानी दिदा फोटोकपी विल मार्फत भुक्तानी भएको ले सकल विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु....

११२३७८/-

शसर्त चालु

२४०/२०७९/३/२५ स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधी अनुगमन तथा मुल्याङ्कन खर्च रु २६७००/- खर्च प्रमाण नभएको हुनाले खर्चको प्रमाण पेश गर्नु पर्ने रु...

२६७००/-

२३९/२०७९/३/२५ भ्रमण तथा अनुगमन खर्च बापत रु ७००००/- खर्च को प्रमाण नभएको ले प्रमाण पेश गर्नुपर्ने रु...

७००००/-

19. डीपीआर खर्च – बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| १५सैयाको अस्पताल निर्माण | | १२००००० /- | १००००००/- | २१ करोड |
| जम्मा: | | | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको

| | | |
|---|---|---|
| | प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| | **शिक्षातर्फ** | |
| 20. | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।पालिकाको शिक्षा शाखाले उपलब्ध गराएको विवरण अनुसार विभिन्न २७ विद्यालयमा ...... दरवन्धी स्विकृत भएकोमा ७४ स्थाइ, २७ अस्थाई, ४७ राहत गरी १४८ पदपुर्ति भई .... रित्त रहेको छ र जम्मा ६६८५ विद्यार्थी संख्या रहेको | |
| 21. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार र्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा सडक नाली, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २४३ जनालाई रोजगारी उपलब्ध गराई रु. ५३ लाख ९५ हजार खर्च गरेको छ । लक्षित वर्गलाई औसतमा ३१.५१ दिनसम्म रोजगारी उपलब्ध गराएको देखिन्छ।प्राप्त विवरण अनुसार कुल सुचिकृत लक्षित वर्ग २०८२ मध्य २४३ जनाले मात्र रोजगारी प्राप्त गरेको र रु १ करोड ५४ लाख ९२ हजार मध्य रु. ५३ लाख ९५ हजार मात्र खर्च भई बाँकी वजेट फिर्ता भएकोले सुचिकृत लक्षित वर्गले रोजगारी प्राप्त गरेको देखिदैन साथै उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| | **अनुगमन तथा भ्रमण**<br>भ्रमण खर्च नियमावली २०६४ अनुसार दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्छ । भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्विकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरी कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमणको उपलब्धि सहितको प्रतिवेदन पेश गर्नु पर्छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धिका फाँटवारी परिक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलब्धी मापन गर्ने आधार देखिएन । भ्रमण खर्च लाई आवस्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेखे परम्पराले सरकारी खर्चको मितव्यायितामा जोखिम देखियो । यस्तो खर्च गर्ने परिपाटिमा नियन्त्रण गरी आवस्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ । अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन ।<br>• अधिकांश भ्रमणको उदेश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण विलमा संलग्न गरेको छैन ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्वन्धि एकिकृत विवरण प्राप्त हुन सकेन ।<br>स्पस्ट प्रयोजन बेगरै वडा अध्यक्ष तथा वडा सचिव, अन्य पदाधिकारी तथा कर्मचारीहरुले भ्रमण आदेश स्विकृत गरी भुक्तानी लिने गरेको छ । अतः स्पष्ट प्रयोजन र उदेश् वेगर भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यावस्थालाई पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्विकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्ने देखिन्छ । | |
| | | |
| | **विपद् व्यवस्थापन** | |
| 22. | **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा | |

| | | |
|---|---|---|
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु पर्दछ । | |
| 23. | विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. ३०,००,०००/- आम्दानी भई रु. २९,८६,१८०/- खर्च गरी बाँकी रु. १३,८२०/- देखिन्छ । | |
| 24. | वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३१ | **पेश्की विवरण:-**<br>सार्वजनिक खरिद ऐन, नियमावली एवं आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७, बमोजिम प्रयोजन स्पष्ट खुलेको विवरण सहितको पेश्की रकम तोकिएको अवधिमा फछ्र्यौट गर्नुपर्ने तथा फछ्यौट गर्न ताकेता गर्ने व्यावस्था छ ।गाउँपालिकाको म.ले.प.फा.नं. २११ को विवरण बमोजिम निम्नानुसारको पेश्की हाल सम्म पनि फर्छ्यौट भएको नदेखिएकाले समयमै फर्छ्यौट गर्नुपर्ने रकम रु २०४४८११३/- | २,०४,४८,११३/- |

| सि.नं | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | म्याद नाघेको | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | 7 | 8 | 9 |
| १ | पदाधिकारी | | | | | | |
| १ | ०१/०९/२०७९ | ९८५ | कार्यक्रम खर्च | संगिता कुमारी राय (उपाध्यक्ष) | २,००,०००.०० | ० | २,००,०००.०० |
| २ | ०१/०९/२०७९ | ९८८ | कार्यक्रम खर्च | आनन्द यादव (वडा अध्यक्ष) | २७. | ० | २७. |
| ३ | ०१/१२/२०७९ | ९९० | कार्यक्रम खर्च | सम्पत लाल चौधरी (वडा अध्यक्ष) | १,००,०००.०० | ० | १,००,०००.०० |
| २ | ठेकेदार | | | | ० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०४/०१/२०७८ | १ | वडा कार्यालयको सार्वजनिक सुनुवाई | ए एस कन्स्ट्रक्सन | ५०,०००.०० | ० | ५०,०००.०० | |
| २ | ०४/०१/२०७८ | १ | वडा न १ को वडा कार्यालयको भवन निर्माण | ए एस कन्स्ट्रक्सन | २०,०००.०० | ० | २०,०००.०० | |
| ३ | ०४/०१/२०७८ | १ | वडास्तरिय अनुगमन समिति द्वारा योजना अनुगमन खर्च | ए एस कन्स्ट्रक्सन | ३०,०००.०० | ० | ३०,०००.०० | |
| ४ | ०४/०१/२०७८ | १५ | दलितहरुको लागि सामुहिक आवास भवन निर्माण बर्दु गाउँपालिका- | न्यु जल्पा कन्स्ट्रक्सन | २,६४,०००.०० | ० | २,६४,०००.०० | |
| ५ | ०४/०१/२०७८ | १५ | दलितहरुको लागि सामुहिक आवास भवन निर्माण बर्दु गाउँपालिका- | भगवती कन्स्ट्रक्सन | ३,६५,०००.०० | ० | ३,६५,०००.०० | |
| ६ | ०५/११/२०७८ | ९ | समपुरक कोष | जोशी निर्माण सेवा प्रा.लि. | १८,८१,५००.०० | ० | १८,८१,५००.०० | |
| ७ | ०५/१३/२०७८ | ११ | समपुरक कोष | जोशी निर्माण सेवा प्रा.लि. | १४,८१,५००.०० | ० | १४,८१,५००.०० | |
| ८ | ०९/०३/२०७८ | २८ | वडा नं ७ [illegible] पार्कि देखि दक्षिण वर्दु ३ को कारखाना हुदै [illegible] पार्क सम्म बाटो कालोपत्रे | [illegible] निर्माण सेवा | ० | १३,२३,८६५.०० | १३,२३,८६५.०० | |
| ९ | ०९/०३/२०७८ | ४३ | वर्दु २ [illegible] देखि दक्षिण वर्दु ३ को [illegible] सडक कालो पत्रे (लाई गौरव) | श्री आर.के निर्माण सेवा | ३५,००,०००.०० | ० | ३५,००,०००.०० | |
| १० | ०९/०९/२०७८ | १९ | वर्दु ८ [illegible] पार्क देखि पूर्वी पार्क हुदै वर्दु ३ को [illegible] जोड्ने बाटो | [illegible] निर्माण सेवा | ३१,००,०००.०० | ० | ३१,००,०००.०० | |
| ११ | ०९/०९/२०७८ | ५७ | वर्दु ८ [illegible] देखी उत्तर [illegible] तुलाकी मार्ग सम्म जोड्ने सडक कालोपत्रे (लाई गौरव) | श्री आर.के निर्माण सेवा | ३१,००,०००.०० | ० | ३१,००,०००.०० | |
| १२ | ११/०५/२०७८ | ८९ | वर्दु ५ को गाउँपालिका स्तरिय खेल मैदान निर्माण | दिनेश निर्माण सेवा | ६२,७८४.०० | ० | ६२,७८४.०० | |
| १३ | ११/०५/२०७८ | ९० | वर्दु ४ मा योग तथा आयुर्वेद भवन निर्माण | दिनेश निर्माण सेवा | १,७८,०६९.०० | ० | १,७८,०६९.०० | |
| १४ | ११/१५/२०७८ | ९८ | वर्दु ४ मा योग तथा आयुर्वेद भवन निर्माण | दिनेश निर्माण सेवा | १,७०,०००.०० | ० | १,७०,०००.०० | |
| १५ | १२/२३/२०७८ | १३६ | तारजाली केटिङ (टेड्रा खोला) वडा न ६ | दिनेश निर्माण सेवा | १,१५,०००.०० | ० | १,१५,०००.०० | |
| १६ | १२/२९/२०७८ | १३८ | गापा सँग साझेदारि गरि वडा नं ६ अन्तर्गतका सडक स्तरोन्नती | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६,००,०००.०० | ० | ६,००,०००.०० | |
| १७ | १२/२९/२०७८ | १३८ | राष्ट्रिय गौरवको रुपमा रहेको वर्जुतालको विचको मंदिरको स्तरोन्नती तथा मंदिरजाने तालमा झोलुगें पुल | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २,४५,०००.०० | ० | २,४५,०००.०० | |
| १८ | १२/३०/२०७८ | १४१ | तारजाली केटिङ (टेड्रा खोला) वडा नं ६ | दिनेश निर्माण सेवा | १,१४,५००.०० | ० | १,१४,५००.०० | |
| १९ | ०१/०५/२०७९ | १४२ | समपुरक कोष | उत्तरा कन्स्ट्रक्सन एण्ड | ६,००,०००.०० | ० | ६,००,०००.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सप्लायर्स प्रा.लि. | | | | |
| २० | ०१/०५/२०७९ | १४२ | राष्ट्रिय गौरवको रुपमा रहेको वर्जुतालको विचको मंदिरको स्तरोन्नती तथा मंदिरजाने तालमा झोलुंगे पुल | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २५,०००.०० | ० | २५,०००.०० | |
| २१ | ०१/१९/२०७९ | २१ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६,५६,०००.०० | ० | ६,५६,०००.०० | |
| २२ | ०१/२५/२०७९ | २३ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | उत्तरा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३,९४,०००.०० | ० | ३,९४,०००.०० | |
| २३ | ०३/०५/२०७९ | १८० | रामसिता मावि ,जनकल्याण मावि ,पुर्णदिवि आदि भुक्तानी बाकी दायित्व | दिनेश निर्माण सेवा | ० | १,२३,८६८.०० | १,२३,८६८.०० | |
| २४ | ०३/१५/२०७९ | २९ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | दिनेश निर्माण सेवा | ० | १,२३,०००.०० | १,२३,०००.०० | |
| ३ | उपभोक्ता समिति | | | | 0 | | | |
| १ | ०४/०१/२०७८ | १ | गा पा अन्तर्गत ६ वटै वडाका रामजानकी मन्दिर ग्रामथानहरु दैता पोखरी आदिको सरक्षण तथा प्रवर्द्धन कार्यक्रम | दैता धेराबेरा तथा व्यवस्थापन उपभोक्ता समिति | १,५०,०००.०० | ० | १,५०,०००.०० | |
| ४ | व्यक्तिगत | | | | 0 | | | |
| १ | ०४/०१/२०७८ | १ | विविध कार्यक्रम खर्च | शम्भु शर्मा | ४०,०००.०० | ० | ४०,०००.०० | |
| २ | ०४/०१/२०७८ | १ | पानी तथा बिजुली | सन्तोष कुमार बन्जारा | १,००,०००.०० | ० | १,००,०००.०० | |
| ३ | ०४/०१/२०७८ | १ | बिमा तथा नवीकरण खर्च | सन्तोष कुमार बन्जारा | २,००,०००.०० | ० | २,००,०००.०० | |
| ४ | ०४/०१/२०७८ | १ | अस्पताल सचालन तथा विकास कार्यक्रम | सरस्वती कुमारी चौधरी | १५,०००.०० | ० | १५,०००.०० | |
| ५ | ०५/११/२०७८ | ४१ | सवारी साधन तथा मेशिनर औजार भाडा | सन्तोष कुमार बन्जारा | १,००,०००.०० | ० | १,००,०००.०० | |
| ६ | ०६/१४/२०७८ | १३० | भैपरि खर्च | सन्तोष कुमार बन्जारा | ६०,०००.०० | ० | ६०,०००.०० | |
| ७ | ०८/०२/२०७८ | ३६७ | सवारी साधन तथा मेशिनर औजार भाडा | अरुण कुमार राय | १,००,०००.०० | ० | १,००,०००.०० | |
| ८ | ०८/०२/२०७८ | ३६८ | पदाधिकारी तथा कर्मचारी भ्रमण खर्च | मनोज कुमार यादव | १,००,०००.०० | ० | १,००,०००.०० | |
| ९ | ०८/२०/२०७८ | ४३३ | अवलोकन खर्च | अरुण कुमार राय | १,००,०००.०० | ० | १,००,०००.०० | |
| १० | ०८/२०/२०७८ | ४३३ | अवलोकन खर्च | सन्तोष कुमार बन्जारा | २,००,०००.०० | ० | २,००,०००.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | १०/२८/२०७८ | ६६४ | खेलकुद सामाग्री वितरण | मिलन खतिवडा | ५०,०००.०० | ० | ५०,०००.०० | |
| १२ | ११/१६/२०७८ | ४ | कार्यक्रम खर्च | पल्लवी कुमारी कर्ण | १,३०,०००.०० | ० | १,३०,०००.०० | |
| १३ | ११/१६/२०७८ | ३५६ | कार्यक्रम खर्च | तुलीराम चौधरी | १०,०००.०० | ० | १०,०००.०० | |
| १४ | १२/१३/२०७८ | ११३२ | समपुरक कोष | फिरोज अन्सारी | १,००,०००.०० | ० | १,००,०००.०० | |
| १५ | ०३/०९/२०७९ | ११३३ | सभा सञ्चालन खर्च | दिपेन्द्र कुमार शर्मा | ० | १०,०००.०० | १०,०००.०० | |
| | जम्मा | | | | 18787380 | 1660733 | 20448113 | |

| | | |
|---|---|---|
| | गाउँपालिकाको पेश्की बाँकी सम्बन्धमा म.ले.प. फा. नं. २११ को विवरणले २,०४,४८,११३/- देखाएको र म.फा.नं. २७२ को अनुसूची २३ ले २,१३,४८,११३/- देखाएको र फरक पर्न गएको पेश्की रकम रु १,००,०००/- अतः फरक पेश्की विवरण र प्रतिवेदन सम्बन्धमा स्पष्ट पारी पेश गर्नु पर्ने | १०००००/- |
| 24.1. | यस आ.व.२०७८/०७९ को आन्तरिक लेखापरिक्षण गर्ने क्रममा कायम भएको बेरुजु रकम | |
| | कायम भएको जम्मा बेरुजु रकम रु.३,७८,४५,८८४.६२ अक्षरुपी तिन करोड अठहत्तर लाख पैंतालिस हजार आठ सय चौरासी पैसा बैसट्ठी मात्र । | |